# ब्यवसायिक तरकारी खेती तालिम सम्पन्न




काठमाण्डौं नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका आफना ३५ जना ग्राहक सदस्यहरुको सहभागितामा २०७५ मंसिर २० गतेदेखि २२ गतेसम्म महोत्तरी जिल्लाको गौशालामा **"ब्यवसायिक तरकारी खेती तालिम"** सम्पन्न गरेको संस्थाका गौशाला शाखाका प्रमुख हजरत अलीले जानकारी गराएका थिए । यस तालिममा प्रशिक्षकहरु बेचन साह कृषि अधिकृत जनकपुर कविता विष्ट रहेका थिए ।एक परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरी रहेको, संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिइ रहेको यस संस्थाबाट कर्जा लिइ ब्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नततिर अगाडि बढेको समेत संस्थाका क्षेत्रीय कार्यक्रम अधिकृत दिपेन्द्र यादवले बताएका थिए । तालिममा सहभागीहरुलाई स्वागत गर्नुका साथै तालिमको उद्देश्य बारेमा संस्थाको गौशाला शाखाका प्रमुख हजरत अलीले प्रकाश पारेका थिए ।

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड देशको ७ वटै प्रदेशका ७७ वटै जिल्लाहरुमा शाखा सञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त वित्तीय संस्था हो । संस्थाले १८१ वटा शाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी संस्थाले लघुवित्त सेवा पुर्‍याइ रहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विना धितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशीलता विकास तालिम, सचेतनामूलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक, बौद्धिक विकास गर्दै आइ रहेको छ। यस संस्थाले देशको कुना कुनामा शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीप विकास तालिम प्रदान गर्दै आइ रहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आइ रहेको छ ।संस्थाले २०७५ कार्तिक मसान्तसम्ममा ३ लाख २८ हजार ९०६ घरपरिवारहरुमा सेवा विस्तार गरेको छ । संस्थाले २०७५ कार्तिक मसान्तसम्ममा लगानीमा रहेको कर्जा रु. १६ अरब ११ करोड ८१ लाख रहेको छ भने ग्राहक सदस्यहरुका ९ अरब १३ करोड ६५ लाख बचत परिचालन गरेको छ । तरकारी खेती गरी रहेका र तरकारी खेती गर्न ईच्छुक संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराईएको संस्थाका गौशाला शाखाका शाखा प्रमुख हजरत अलीले जानकारी गराएका थिए ।

तालिमको अन्त्यमा तालिमको मूल्याकंन सहभागी कासी महतो, सहभागी श्रीमति रिता देवी महतोले मन्तब्य राखेका थिए । ब्यवसायिक रुपमा तरकारी खेती गरेमा राम्रो फाईदा लिन तालिमले सहयोग गर्ने सहभागीहरुले बताएका थिए । तरकारी खेती गरी रहेका र गर्न ईच्छुक संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराइएको संस्थाका क्षेत्रीय कार्यक्रम अधिकृत दिपेन्द्र यादवले जानकारी गराएका थिए । तालिमको संचालन गौशाला शाखाका प्रमुख हजरत अलीले गरेका थिए ।तालिममा बेमौसमी तरकारी खेती सम्बन्धी नविनतम प्रविधि अपनाइ गरिएको फर्मको व्यवहारिक अवलोकन भ्रमणको साथै संस्थाले प्रदान गर्ने कर्जा लघुविमा रेमिटान्स सेवा तथा बचतको महत्व तथा संस्थाको पब्लिक डिपोजिटको र संस्थाका सेवाहरुको बारेमा समेत यस तालिममा सहभागीहरुले जानकारी हासिल गर्ने गौशाला शाखाका प्रमुख हजरत अलीले बताएका थिए ।